नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या ०७६/७७

चौतारा

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाइ नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज प्रमुख जिल्ला अधिकारी श्री उमेश कुमार ढकालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

निर्णयहरु :-

१. चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १३ मा मृत्यु भएका वर्ष ६८ को तोयानाथ गौतमको स्वाव निकाली परीक्षण गर्ने गराउने कार्यको व्यवस्थापन स्वास्थ्य कार्यालय चौतारा र चौतारा साँगाचोकगढी नगरपालिकाले मिलाउने ।

२. मृतकको शव व्यवस्थापन गर्न मृतकका आफन्तहरुलाई PPE Set स्वास्थ्य कार्यालय चौताराले उपलब्ध गराई आफ्नो धार्मिक परम्परा अनुसार दाहसंस्कार गराउने व्यवस्था मिलाउने, शव व्यवस्थापन गर्दा PPE लगाएका ४ जनाले मात्र शवलाई छुने, अन्य व्यक्तिहरुलाई १ मिटर टाढाबाट हेर्न दिने, ६० वर्ष माथि र दिर्घ रोगीहरुलाई नजिक जान नदिने लगायतका विधिहरु अपनाई Covid -19 का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यबिधि, २०७६ बमोजिम शव व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

३. कोभिड-१९ को संक्रमणको कारणवाट निधन भएका व्यक्तिको शव व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको शव व्यवस्थापन सम्वन्धी प्रोटोकल, २०७७ बमोजिम स्थानीय प्रशासनको समन्वयमा नेपाली सेनाले गर्ने र सोको लागि आवश्यक पर्ने PPE, शववाहन, एम्बुलेन्स, डोजर लगायतका सामाग्रीहरुको व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने ।

४. क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुलाई क्वारेन्टाइनमा रहने अबधि लगायत क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी सम्पूर्ण नीति नियम पालना गर्नेछु भन्ने कबुलियतनामा क्वारेन्टाइन व्यवस्थापन समितिले सम्बन्धित व्यक्तिहरुलाई गराई मात्र क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउन क्वारेन्टाइन व्यवस्थापन समिति र स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

५. भारत लगायत विदेश तथा अन्य उच्च जोखिमयुक्त क्षेत्रबाट आएका व्यक्तिहरुलाई क्वारेन्टाइनमा बसेको ५ दिन पुरा भएपछि RT - PCR परीक्षणको लागि नमुना संकलन गरी पठाउने, नमुना परीक्षण नतिजामा संक्रमित भेटिएमा तुरुन्तै आइसोलेसनमा पठाउने र नेगेटिभ वा संक्रमित नभएको पाइएमा सम्बन्धित वडाको वडा अध्यक्षको जिम्मामा सुरक्षित होम क्वारेन्टाइनमा रहने गरी पठाउने, स्थानीय जनप्रतिनिधिले जिम्मा लिने अवस्था नरहेमा १४ दिन क्वारेन्टाइनमा राखी होम क्वारेन्टाइन रहेने गरी घरमा पठाउने निर्णय गरियो । RT - PCR नेगेटिभ आएका र परीक्षण नभएका व्यक्तिहरुलाई क्वारेन्टाइनमा फरक फरक ठाउँमा एक अर्काको सम्पर्कमा नरहने गरी राख्ने व्यवस्था मिलाउने क्वारेन्टाइन व्यवस्थापन समितिहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. क्वारेन्टाइनमा बसि आ-आफ्नो घर गएका व्यक्तिहरुको स्वास्थ्य स्थितिको बारेमा क्वारेन्टाइन छाडेको ३ हप्तासम्म हप्तामा एक पटक स्वास्थकर्मीहरुले टेलिफोन मार्फत जानकारी लिई अभिलेख राख्ने व्यवस्था क्वारेन्टाइन व्यवस्थापन समिति र स्थानीय तहहरुले मिलाउने ।

मितिः २०७७।०२।१८

२०७७-०२-१२
........................
सुनिता पहरी
प्रशासकीय अधिकृत